# स्थानीय राजपत्र

**पालुङटार नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ०८) पालुङटार, पुष ३० गते, २०८२ साल (संख्या ०७**


पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

## पालुङटार नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावना:** नेपालको संविधानले आधारभूत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरेकाले सबै बालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै नगर भित्रका सबै बालबालिकाहरुका लागि क्रमशः अनिवार्य, निशुल्क, गुणस्तरीय र सान्दर्भिक विद्यालय शिक्षाको व्यवस्था मार्फत प्रत्येक नागरीकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रबर्द्धन गरी सङ्घीय गणतन्त्रात्मक लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस पालुङटार नगरपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ज) र १०२ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पालुङटार नगरपालिकाको शिक्षा ऐन, २०८२" रहेको छ।

(२) यो ऐन पालुङटार नगरपालिकाको राजपत्रमा प्रकाशित भएको दिनदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अनुमति" भन्नाले नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) "अभिभावक" भन्नाले सम्बन्धित विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको संरक्षक भई पालन पोषण गर्नु पर्ने परिवार भित्रका अभिभावक सम्झनु पर्दछ। सो शब्दले आफैले पालन-पोषण गर्नु पर्ने छोरा वा छोरी पट्टिका सन्ततिका अभिभावक समेत जनाउने छ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(घ) "आयोग" भन्नाले सङ्घीय कानुन बमोजिम शिक्षकहरुको नियुक्ति सिफारिस आदि काम गर्न गठन भएको शिक्षक सेवा आयोग सम्झनु पर्छ।

(ङ) "उप प्रमुख" भन्नाले नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले पालुङटार नगरपालिकाको शिक्षा ऐन, २०८२ लाई सम्झनु पर्छ।

(छ) "कार्यपालिका" भन्नाले पालुङटार नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) "कोष" भन्नाले दफा ६० बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ।

(झ) "छात्राबास" भन्नाले विद्यालय तहमा अध्ययनरत छात्रछात्राहरुका लागि खाने र बस्ने सुविधासहित सञ्चालन गरिएको आवासलाई सम्झनु पर्छ ।

(ञ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

(ट) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्छ।

(ठ) "नगर सभा" भन्नाले पालुङटार नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ड) "नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ढ) "निरीक्षक" भन्नाले नगरपालिकामा कार्यरत शिक्षा अधिकृत वा सो सरहको कर्मचारीलाई सम्झनु पर्छ।

(ण) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आँफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको

हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

(त) "परीक्षा समिति" भन्नाले दफा ५९ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ।

(थ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले सङ्घीय ऐन वमोजिम पाठ्यकम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ।

(द) "प्रदेश मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको शिक्षा क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ध) "प्रधानाध्यापक" भन्नाले दफा ३७ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

(न) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(प) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(फ) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले तीन (३) वर्ष उमेर पूरा भई पाँच (५) बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल विकास केन्द्र, आदिलाई सम्झनु पर्छ।

(ब) "मन्त्रालय" भन्नाले सङ्घीय सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(भ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ।

(म) "व्यवस्थापन समिति" भन्नाले दफा २७ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(य) "विशेष शिक्षा" भन्नाले दृष्टि सम्बन्धि अपाङ्गता, सुनाइसम्बन्धी अपाङ्गता, अटिज्म, बौद्धिक अपाङ्गता वा जटिल शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(र) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय आवश्यकतानुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन, समन्वय र सामुदायिक सूचना केन्द्रको रुपमा काम गर्न नगरपालिकाद्वारा स्वीकृति प्रदान गरिएको केन्द्रलाई सम्झनु पर्छ।

(ल) "सङ्घीय शिक्षा ऐन" भन्नाले सङ्घीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(व) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ।

(श) "स्थानीय तह" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्छ।

(ष) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गर्ने विद्यालयलाई नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(स) "शिक्षा समिति" भन्नाले दफा २२ बमोजिमको नगर शिक्षा समिति सम्झनु पर्छ।

(ह) "शिक्षा शाखा" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्नेछ।

(क्ष) "शिक्षक किताबखाना" भन्नाले सङ्घीय शिक्षा कानुनवमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ।

(त्र) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ।

(ज्ञ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(अ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

## परिच्छेद २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालयको स्थापना र सञ्चालनः** (१) यो ऐन प्रारम्भ भएपछि नगरभित्र विद्यालयको स्थापना र सञ्चालन सङ्घीय मापदण्डको अधीनमा रही नगरपालिकाले गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका विद्यालय यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

**४. विद्यालयको तहः** (१) कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययन अध्यापन हुने माध्यमिक तहका विद्यालय हुनेछ।

(२) बालविकास कक्षा देखि कक्षा ८ सम्म अध्ययन अध्यापन हुने आधारभूत तहका विद्यालय हुनेछ। आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालय प्राथमिक तह हुनेछ।

(३) ३ र ४ वर्षका बालबालिकालाई विद्यालयको तयारीका लागि दिइने विकास तथा शिक्षालाई प्रारम्भिक बाल विकास भनिनेछ। यस अन्तर्गत बाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु समेत रहनेछन्।

**५. माध्यमिक तहमा पढाइ हुने शिक्षाका धारः** माध्यमिक तहमा शिक्षाका धारहरु साधारण शिक्षा, प्राविधिक शिक्षा र परम्परागत शिक्षा हुनेछ।

***स्पष्टिकरणः*** *यस दफाको प्रयोजनको लागि "परम्परागत शिक्षा" भन्नाले संस्कृत धारमा पढाइ हुने*

*विद्यालयका अतिरिक्त गुरुकुल, गुम्बा, तथा मदरसा लगायतका परम्परागत शैक्षिक संस्थामा अध्ययन हुने शिक्षालाई सम्झनु पर्छ ।*

६. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तह (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरीकले नगरपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा पाठ्यक्रममा निर्धारित अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(घ) नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन समेटिएका सामाजिक अध्ययनका विषयहरु नेपाली वा मातृभाषाको माध्यमबाट अध्यापन गराउन पर्नेछ ।

७. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षाः** (१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा मार्फत जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) नगरपालिकाले संघ तथा प्रदेश सरकारसँग समन्वय, सहकार्यमा आफ्ना नागरीकहरुले जुनसुकै किसिमले प्राप्त गरेको ज्ञान तथा सिपहरुको परिक्षण र प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) नगरपालिकाले दृष्टि सम्बन्धि अपाङ्गता, सुनाइसम्बन्धी अपाङ्गता, अटिज्म, बौद्धिक अपाङ्गता वा जटिल शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षाका लागि स्रोत कक्षाहरु खोल्न अनुमति दिन सक्नेछ ।

८. **विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरीकले शैक्षिक गुठी अन्तर्गत विद्यालय वा निजी लगानीमा विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै तोकिएको विवरण खुलाई शिक्षा शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा दफा १३ बमोजिमको मापदण्ड पूरा हुने आधारहरु देखिएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले विद्यालय खोल्ने अनुमति दिन सक्नेछ। तोकिएका मापदण्डहरु पूरा भएमा ३ वर्षपछि स्वीकृति दिनेछ ।मापदण्ड पूरा भएको नदेखिएमा अनुमति खारेज गर्नेछ ।यसरी अनुमति दिँदा प्रत्येक वर्ष एउटा कक्षा मात्र दिन सकिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सङ्घीय र प्रादेशिक कानुनमा भएको व्यवस्थाअनुसार शैक्षिक गुठीमा रुपान्तरण गर्न सक्नेछ।

(४) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि-एसइई) र कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा शिक्षा समितिले अनुमति प्रदान गर्न सक्नेछ। तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकीन गर्ने कार्य नगर शिक्षा अधिकारीले गर्नु पर्नेछ।

(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठिको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफनो उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक

शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा शिक्षा शाखामा निवेदन दिनु पर्नेछ। शिक्षा समितिबाट सोको स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(९) सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र सहिद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुलाई समेत अनुमति दिन सक्नेछ। र उक्त विद्यालयले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन बमोजिम पालना गर्नु पर्नेछ।

(१०) उपदफा (८) र (९) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था शिक्षा समितिले तोके बमोजिम हुनेछन्।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

९. **विद्यालयको तह थपः** अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयले एक तहको स्वीकृति प्राप्त गरेपछि मात्र अर्को तहको कक्षा थपको अनुमतिको लागि निवेदन पेस गर्न सक्नेछ। यसरी तह थप गर्नु परेमा दफा ८ को उपदफा (१) बमोजिमको शर्त पालना गर्नु पर्नेछ ।

१०. **विषय थपः** (१) कुनै विद्यालयले कुनै कक्षामा विषय थप गर्नुपरेमा पूर्वाधार र जनशक्तिको आधार सहित निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस हुन आएको निवेदन उपर शिक्षा समितिले स्थलगत अनुगमन गरी विषय थपको अनुमति दिन सक्नेछ ।

११. **यस अघि दर्ता भएका तर सञ्चालन नभएका विद्यालय सम्बन्धी व्यवस्थाः** यस अघि तत्कालिन ऐन बमोजिम अनुमति लिएका तर यो ऐन लागु हुँदाका बखत सञ्चालनमा नरहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको अनुमति स्वतः खारेज हुनेछ ।

१२. **धरौटी राख्नु पर्नेः** (१) संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछः

(क) माध्यमिक विद्यालयको लागि सात लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि पाँच लाख रूपैयाँ

(ग) पूर्व प्राथमिक (प्रारम्भिक बाल विकास केन्द्र) विद्यालयको लागि तीन लाख रूपैयाँ

तर, बिशेष आवश्यकता भएका विद्यार्थीका लागि, सीमान्तकृत तथा लोपोन्मुख वर्गका बालबालिकाका लागि वा मुनाफा नलिने विद्यालय अनुमति लिँदा कार्यपालिकाले धरौटीमा पुरै वा आंशिक छुट दिन सक्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम स्थापना भइ नगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले समेत उपदफा (१) बमोजिमको धरौटी राख्नु पर्नेछ ।

(३) विद्यालयले उपदफा (१) बमोजिमको धरौटी बापतको रकम सम्बन्धित विद्यालयको मुद्दति खातामा जम्मा गर्नु पर्नेछ साथै त्यस सम्बन्धी जानकारी शिक्षा शाखालाई गराउनु पर्नेछ।

१३. **विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नु पर्ने :** (१) सामुदायिक तथा संस्थागत विद्यालयहरुले पूरा गर्नु पर्ने पूर्वाधारहरु सङ्घीय कानुन तथा मापदण्डमा तोकिए बमोजिम हुनेछ। प्रचलित कानुन अनुसार तोकिएको पूर्वाधार तयार नहुँदा सम्म विद्यालयहरुलाई सञ्चालनको लागि अनुमति दिइने छैन।

(२) यो ऐन जारी हुँदा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको पूर्वाधार तोकिएको अवधिभित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ। तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमति शिक्षा समितिले रद्द गर्नेछ।

(३) सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व सङ्घ, प्रदेश र नगरपालिकाको हुनेछ।

१४. **छात्रावास सञ्चालन गर्न सक्नेः** (१) कुनै विद्यालयमा आवासीय छात्रावास राख्नका लागि नगरपालिकाले अनुमति दिन सक्नेछ।

(२) छात्रावासको अनुमति, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) नगरपालिका आँफैले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न सक्नेछ। बाल गृह सञ्चालन सम्बन्धी व्यवस्था तोके बमोजिम हुनेछ।

१५. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले समुदायमा साक्षरता, निरन्तर शिक्षा, जीवन पर्यन्त सिकाइ र सिप विकास समेतको काम गर्न सङ्घीय मापदण्डमा तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा वा नगरपालिकाले छुट्टै सामुदायिक सुचना केन्द्र, पुस्तकालय र वाचनालय सञ्चालनको अनुमति दिन सक्नेछ।

१६. **विद्यालय सार्न, गाभ्न, बन्द गर्न, तह वा कक्षा घटाउन सक्ने :** (१) नगरपालिकाले हाल सञ्चालन भइ रहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, कुनै विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ। कुनै विद्यालयमा सङ्घीय कानुन र नगरपालिकाले तोकेको कक्षागत संख्याको २० प्रतिशत भन्दा कम अनुपातमा विद्यार्थी संख्या भएमा, विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्नु परेमा वा दुई वा सो भन्दा वढी विद्यालय गाभ्नु परेमा वा नाम परिवर्तन गर्नु परेमा सम्बन्धित वडा शिक्षा समिति र शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने निर्णय लिँदा सबै बालबालिकाको शिक्षामा पहुँचलाई सुनिश्चित हुने गरी गर्नु पर्नेछ। नेपालको संविधान र अन्य प्रचलित कानुनको अधीनमा रही नागरीकको शिक्षा सम्बन्धी अधिकारमा हनन नहुने गरी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विद्यालय सम्बन्धी निर्णय लिँदा नगरपालिकाले बालबालिकाको शिक्षामा पहुँच सुनिश्चितताको लागि विशेष व्यवस्था गर्न सक्नेछ ।

१७. **शाखा विद्यालय सञ्चालन गर्न सक्ने :** (१) तोकिएको सीमाभन्दा कम विद्यार्थी भई कुनै सामुदायिक विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा भित्रको कुनै माध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरी नगरपालिकाले तोक्न सक्ने छ। यसरी ताकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोके बमोजिम हुनेछ।

(२) हाल अनुमति पाई सञ्चालनमा रहेका संस्थागत विद्यालयहरु एक आपसमा समायोजन भइ सञ्चालन हुन सक्नेछन्। यसरी समायोजन हुँदा सामुदायिक विद्यालयसँग समायोजन हुने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ।

१८. **ठूला (मेघा) विद्यालय सञ्चालन गर्न सक्नेः** (१) हाल सञ्चालनमा रहेको कुनै इच्छुक विद्यालयले दफा १३ मा उल्लिखित पूर्वाधारका अतिरिक्त देहाय बमोजिमका पूर्वाधार र शर्त पूरा गरेमा नगरपालिकाले ठूला (मेघा) विद्यालयको रुपमा सञ्चालन स्वीकृति दिन सक्नेछः

(क) कम्तीमा ९०० भन्दा बढी विद्यार्थी भएको,

(ख) न्यूनतम तहगत र विषयगत दरबन्दी भएको,

(ग) आधारभूत शिक्षा परीक्षामा नगरको औषत स्तरभन्दा उच्च रहेको,

(घ) माध्यमिक शिक्षा परीक्षा र प्रवेशिका परीक्षाको नतिजा राष्ट्रिय स्तरभन्दा उच्च रहेको,

(ङ) पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको।

(२) उपदफा (१) बमोजिमका विद्यालयहरुलाई सङ्घ, प्रदेश र नगरपालिकाले थप लगानी गर्न सक्नेछ। यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **शिशु, स्याहार, प्रारम्भिक बाल विकास शिक्षा सम्बन्धी व्यवस्थाः** (१) तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक बाल शिक्षाको अनुमति वडा कार्यालयको सिफारिसमा नगरपालिकाले दिन सक्नेछ।

(२) प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक विद्यालयको अवधि दुई वर्षको हुनेछ।

(३) तीन वर्ष उमेर नपुगेका बालबालिकालाई प्रारम्भिक बाल बिकास केन्द्रमा भर्ना गर्न तथा पाँच वर्ष पूरा भएका बालबालिकालाई यस्तो शिक्षामा राखि राख्नका लागि आवश्यकता र बालबालिकाको अवस्थाको आधारमा वडा शिक्षा समितिले अनुमति दिनेछ।

(४) पाँच वर्ष पूरा भएका बालबालिकालाई अनुमति लिएर मात्र बालविकास केन्द्रमा राख्न सकिनेछ ।

(५) सामुदायिक बालविकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई तोकिए बमोजिम सञ्चालन गरिनेछ।

(६) तीन वर्ष उमेर नपुगेका बालवालिकाको लागि शिशु स्याहार केन्द्र सञ्चालन गर्न सकिने छ। शिशु स्याहार केन्द्रहरुको अनुमति र सञ्चालन तोकिए बमोजिम हुनेछ।

२०. **विद्यार्थी संख्याः** सामुदायिक तथा संस्थागत विद्यालयमा हुनु पर्ने विद्यार्थी संख्या र यसका आधारमा हुने अन्य काम कारबाही सङ्घीय कानुन बमोजिम हुनेछ ।

२१. **विविध स्वरुपका शिक्षाः** नागरिकहरुको शिक्षा सम्बन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक नीतिगत र संरचनागत व्यवस्था गरी अभिभावक शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर तथा खुला शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्था नगरपालिकाले गर्न सक्नेछ। सो व्यवस्था नहुँदासम्म सङ्घीय तथा प्रादेशिक कानुन तथा मापदण्ड बमोजिम हुनेछ ।

## परिच्छेद ३

## नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा अधिकारी, शिक्षा अधिकृत, वडा शिक्षा समिति र तिनका काम कर्तव्य र अधिकार

२२. **नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप प्रमुख - सदस्य

(ग) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट प्रमुखले तोकेको महिला १ सहित २ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

(ङ) सामाजिक विकास समिति संयोजक १ जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट प्रमुखले तोकेको १ जना प्रधानाध्यापक - सदस्य

(छ) प्रमुखले तोकेको स्थानीय शिक्षाप्रेमी, विज्ञ १ जना महिला वा दलित सहित २ जना - सदस्य

(ज) नेपाल शिक्षक महासङ्घका अध्यक्ष वा महासङ्घले तोकेको प्रतिनिधि १ जना - सदस्य

(झ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

(२) नगर शिक्षा समितिका तोकिएका सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

(३) समितिको बैठक सञ्चालन प्रक्रिया, बैठक भत्ता तथा सेवा सुविधा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम तोकिएका सदस्यले पदीय आचरण पूरा नगरेमा कार्यपालिकाले जुनसुकै समयमा हटाउन सक्नेछ।

२३. **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** (१) शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो कार्यक्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने।

(ख) नगरपालिका क्षेत्र भित्र सबै प्रकारका विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप गर्ने वा घटाउने, तह थप वा घटाउने, अनुमति र स्वीकृति खारेजका लागि सिफारिस गर्ने।

(ग) विद्यालयहरुलाई दिइने अनुदान सम्बन्धी नीति सिफारिस गर्ने।

(घ) नगरक्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने।

(च) सामुदायिक विद्यालयहरुको शिक्षकका दरबन्दी मिलान, पदस्थापन, समायोजन, सरुवाको निर्णय गर्ने तथा आफ्नो स्रोतबाट राखिने शिक्षकहरुको सेवा, सुविधा र शर्तहरु सिफारिस गर्ने।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने

(ट) शैक्षिक गुठीसँग गर्ने सम्भौताका शर्तहरु निर्धारण गर्ने।

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारबाही सिफारिस गर्ने।

(त) शिक्षा क्षेत्रमा आवश्यक पर्ने क्षेत्रगत विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने।

(थ) अनौपचारिक, अनियमित तथा जीवनपर्यन्त सिकाइको योजना निर्माण तथा कार्यान्वयन गर्ने ।

(द) युवा तथा खेलकुद सम्बन्धी योजना निर्माण र कार्यान्यवन गर्ने ।

(ध) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालनका लागि अनुमतिका लागि सिफारिस गर्ने ।

(प) दिवा खाजा कार्यक्रमको व्यवस्थापन तथा नियमन गर्ने।

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध मिलाउने।

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने।

(भ) शिक्षक तालिम योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(म) कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने।

(य) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङकहरु अद्यावधिक राख्ने।

(र) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक कार्यकमहरु सञ्चालन गर्ने।

(व) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने।

(ल) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने।

(व) शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **नगर शिक्षा अधिकारीः** नगरपालिका अन्तर्गतका शिक्षा, युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एक नगर शिक्षा अधिकारी रहनेछ। निजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिका भित्र शैक्षिक कार्यक्रमको योजना तर्जुमा गर्ने, उच्च शिक्षा सञ्चालित शिक्षण संस्थाको अनुगमन एवं निरिक्षण गर्ने,

(ख) नगरपालिका तथा शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने गराउने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने

(घ) नगर कार्यपालिका, शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने।

(ङ) प्रधानाध्यपकसँग कार्यसम्पादन करार गर्ने तथा शिक्षकहरुको कार्य सम्पादन मूल्याङकन गर्ने।

(च) नगरपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।

(छ) विद्यालयहरुमा लेखा परीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(ज) शिक्षाको गुणस्तर बढाउनको लागि प्रधानाध्यापक तथा व्यवस्थापन समितिको अध्यक्षहरुको समय समयमा वैठक, गोष्ठी वा तालिमहरु सञ्चालन गर्ने।

(झ) आधारभूत तहको अन्तमा लिइने परीक्षा लगायत विद्यालय तहको परीक्षा तथा मूल्याङ्कन सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ञ) विद्यालयको अन्तिम परीक्षाको अभिलेख, प्रश्नपत्र निर्माण र उत्तर पुस्तिका परीक्षण गर्ने/गराउने, विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए/नभएको सम्बन्धमा मूल्याङ्कन गरी सो सम्बन्धमा सुधारको आवश्यक अन्य कार्य गर्ने।

(ट) विद्यालय स्तरको परीक्षालाई नियमित र मर्यादित बनाउन निरीक्षण तथा अनुगमन गर्ने गराउने।

(ठ) सामुदायिक विद्यालयको शिक्षक दरबन्दी शैक्षिक सत्र सुरु भएको एक महिना भित्र मिलान गर्ने।

(ड) अधिकृतलाई तोकिएको विद्यालयमा निरिक्षण लगायतका काममा खटाउने र निरिक्षकले आफ्नो जिम्मेवारीका काम गरे नगरेको यकिन गर्न स्थलगत निरिक्षण गर्ने।

(त) विद्यालयले स्वीकृत पाठयक्रम तथा पाठ्यपुस्तक लागू गरे-नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने।

(थ) स्थानीय पाठ्यक्रम र पाठ्यपूस्तक निर्माण गरी कार्यन्वयन गर्ने/गराउने।

(न) नगरको वार्षिक शैक्षिक तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रकाशन गर्ने।

(प) सामुदायिक विद्यालयका शिक्षकहरुको तलबी प्रतिवेदन पारित गराउने।

(फ) नगरपालिका भित्र कार्यरत स्थायी शिक्षकलाई सम्बन्धित विद्यालय र नगरपालिकाको दोहोरो सहमतिमा वा एकै विद्यालयमा ५ वर्ष पूरा भएका वा शिक्षकको आचरण विपरित कार्य गरेका वा विशेष कारण भएका शिक्षकलाई सरुवा गर्ने।

(ब) शिक्षक सेवा आयोगबाट स्थायी सिफारिस भइ आउने शिक्षकहरुको पदस्थापन तथा शिक्षकको सरुवा सम्बन्धी कार्यहरु गर्ने।

(भ) विद्यालय शिक्षक तथा कर्मचारीको करारमा नियुक्तिका लागि छनौट समितिको संयोजन गर्ने तथा करारमा नियुक्ति गर्ने ।

(म) विद्यालयका शिक्षक र आफु मातहतका कर्मचारीको नियमित रुपमा सुपरीवेक्षण, अनुगमन गर्ने गराउने।

(य) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गराउने।

(र) स्वयम् सेवक शिक्षकको नियुक्ति तथा निजलाई काम-काज खटाउने।

(व) शिक्षक वा विद्यालय कर्मचारीको कामको आधारमा पुरस्कार र दण्डको विभागीय कारबाही गर्ने वा कारबाहीका लागि सिफारीस गर्ने।

(स) शिक्षा सम्वन्धी नगर सभा, नगर कार्यपालिका र शिक्षा समिति लगायतका निकायले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने।

(श) विद्यालयका शिक्षक तथा आफूअन्तर्गतका कर्मचारीलाई कामकाजमा खटाउने।

(ष) युवा तथा खेलकुदका कार्यक्रम गर्ने गराउने।

(ह) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा करार शिक्षकको कार्यक्षमताका आधारमा ६/६ महिनामा म्याद थप्ने। यस दफाका लागि कार्यक्षमता तोकिए बमोजिम हुनेछ।

(क्ष) नगर शिक्षा अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**२५. शिक्षा अधिकृतः** नगरसभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा तोकिएको संख्यामा शिक्षा अधिकृतहरु रहने छन्। निजहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) प्रत्येक चौमासिकमा कम्तीमा एकपटक आफुलाई तोकिएको क्षेत्रका विद्यालय, अनौपचारीक कक्षा र विशेष कक्षाको निरीक्षण तथा सुपरीवेक्षण गर्ने र त्यसरी निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफलमा भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी बेहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाई नगर शिक्षा अधिकारीलाई प्रतिवेदन बुझाउने,

(ख) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा सञ्चालनमा सहयोग गर्ने गराउने,

(ग) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(घ) आफनो क्षेत्रको विद्यालयका शिक्षक तथा कर्मचारीको बिदाको अभिलेख शैक्षिक सत्र सकिएको ३० दिन भित्रमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने,

(ङ) शिक्षकहरुको हाजिरी अभिलेख दुरुस्त भए नभएको छड्के जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित शिक्षकको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउसहित कारबाहीको लागि सम्बन्धित व्यवस्थापन समिति र नगर शिक्षा अधिकारीलाई सिफारिस गर्ने,

(च) नगर शिक्षा अधिकारीले तोकेबमोजिमका अन्य कार्य गर्ने गराउने ।

**२६. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना - सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको २ जना - सदस्य

(ड) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना - सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने।

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) अभिभावक र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने।

(च) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, कक्षा थप गर्न शिक्षा समितिमा सिफारिस गर्ने।

(छ) अन्तरविद्यालय तथा क्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने ।

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैंले निर्धारण गर्नेछ।

(ञ) शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने।

(ट) वडा शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२७. **विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) समितिका सदस्यहरूले दफा २६ को उपदफा १ को खण्ड (ख) र (घ) मध्येबाट छानेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा २ जना - सदस्य

महिला सहित ४ जना

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, चन्दादाता व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

(घ) स्थानीय शिक्षाप्रेमी मध्येबाट प्रमुखले मनोनित गरेको १ जना - सदस्य

(ङ) शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना - सदस्य

(च) सम्बन्धित वडा समितिले आफूहरु मध्येबाट छानी पठाएको १ जना - सदस्य

(छ) बाल क्लबको अध्यक्ष १ जना - सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धित विद्यालयको उच्चतम कक्षामा अध्ययनरत छात्र छात्रा मध्ये बाट १/१ जना छात्र/छात्रा आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ।

(३) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हुनका लागि शैक्षिक योग्यता माध्यमिक तहका विद्यालयको हकमा एसएलसी/एसईई र आधारभूत तहका विद्यालयका हकमा कक्षा ८ उत्तीर्ण हुनु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको समितिका सदस्यहरुबाट अध्यक्ष छनौट हुन नसकेमा विद्यालय व्यवस्थापन समिति गठन भएको १५ दिन भित्रमा आफुहरुमध्येबाट सम्भावित ३ जनाको नाम शिक्षा समितिमा सिफारिस गरी पठाउनु पर्नेछ। सिफारिस भएका ३ जना मध्येबाट नगर शिक्षा समितिले १ जना अध्यक्ष छनौट गर्नेछ।

(५) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ। विद्यालयले समिति बनेको ३ वर्ष पुग्न १५ दिन बाँकी रहँदा नयाँ विद्यालय व्यवस्थापन समिति चयनको प्रक्रिया सुरु गर्न सकिनेछ।

(६) अध्यक्ष वा सदस्यले आपनो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आपनो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(७) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको स्रोत साधानको पहिचान तथा प्राप्त साधन र स्रोतको प्रभावकारी परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराइ राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने।

(च) स्वीकृत दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(छ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टार्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ट) शिक्षा समितिबाट स्वीकृत शैक्षिक क्यालेण्डरको आधारमा विद्यालय सञ्चालन गर्ने तथा स्थानीय बिदाको व्यवस्थापन गर्ने ।

(ठ) शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने वा कारबाहीका लागि सिफारिस गर्ने,

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ढ) सबै तहका सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन गर्ने, गराउने ।

(ण) विद्यालयहरुको आन्तरिक स्रोतबाट खर्च बेहोर्ने गरी शिक्षक/कर्मचारी राख्नु अघि शिक्षा शाखाबाट अनुमति लिने,

(त) शिक्षा समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(८) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ।

(९) शिक्षा समितिले आवश्यक देखेमा नगर कार्यपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्नेछ।

२८. **शिक्षक अभिभावक संघः** सबै विद्यालयमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक संघ रहनेछ। शिक्षक अभिभावक संघको गठन तथा परिचालन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाशर्त, सुविधा र योग्यता

२९. **दरबन्दी निर्धारणः** (१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

(२) कार्यपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययनरत विद्यार्थी संख्या, अध्यापन हुने विषयका साथै राष्ट्रिय तथा प्रादेशिक मापदण्ड बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्नु पर्नेछ। उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी शिक्षा शाखामा राख्नु पर्नेछ।

३०. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः** (१) शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता प्रचलित सङ्घीय ऐन, मापदण्ड तथा स्थानीय कानुनमा तोकिए बमोजिम हुनेछ।

३१. **विद्यालय कर्मचारीः** (१) सामुदायिक विद्यालयमा सङ्घीय कानुन बमोजिमको कर्मचारीहरुको दरबन्दी रहनेछ।

(२) विद्यालय समायोजन वा तह/कक्षा घटाउँदा साविकमा कार्यरत विद्यालय सहायक र सहयोगी कर्मचारीलाई समायोजन भएकै विद्यालय वा नगर भित्रका अन्य विद्यालयमा पदस्थापन गरिनेछ। निज कर्मचारी कार्यरत हुँदा सम्म सो पद कायम रहनेछ। निजको पद रिक्त भए पश्चात् स्वतः दरबन्दी खारेज हुनेछ ।एउटै विद्यालयमा एक भन्दा बढी सहायक तथा सहयोगी कर्मचारी व्यवस्थापन गर्न कठिन भएमा जिल्ला भित्रका अन्य विद्यालयमा व्यवस्थापनका लागि शिक्षा विकास तथा समन्वय इकाइमा लेखी पठाइनु पर्नेछ।

(३) नगरपालिका तथा विद्यालयले आवश्यकताका आधारमा आफ्नै स्रोतबाट विद्यालय कर्मचारीहरु करारमा नियुक्ति गर्न सक्नेछन्।

३२. **तलब भत्ताः** (१) नेपाल सरकारबाट स्वीकृत दरबन्दी, राहत अनुदान, साविक उच्च माध्यमिक अनुदान, प्राविधिक धारका प्रशिक्षक तथा सहायक प्रशिक्षक लगायत सङ्घीय सशर्त अनुदानबाट तलब भत्ता पाउने शिक्षकहरुको तलब नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) नगरपालिका तथा विद्यालयले आफ्नै स्रोतबाट बेहोर्ने गरी नियुक्ति गरेका शिक्षकहरुको तलब तथा भत्ता करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) नगरपालिकाले सङ्घीय सशर्त अनुदानबाट तलब भत्ता पाउने शिक्षक तथा कर्मचारीलाई आफ्नो स्रोतबाट कानुन बमोजिम प्रोत्साहन भत्ता लगायतको सुविधा दिन सक्नेछ।

**३३. शिक्षकका सुविधाः** शिक्षकले नियुक्ति हुँदाका बखत प्रचलित कानुन बमोजिम पाउने निवृत्तिभरण, उपादान, विभिन्न वृत्तिहरु, उपचार खर्च, सञ्चित बिदा लगायतमा पाउने सुविधाहरु सङ्घीय कानुनमा तोकिए बमोजिम हुनेछ।

**३४. शिक्षक तथा कर्मचारीको योग्यताः** (१) नगरपालिका मातहत सञ्चालन हुने सामुदायिक, निजी लगानी लगायत सम्पूर्ण प्रकारका विद्यालय शिक्षक र कर्मचारीको योग्यता प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ। सो बाहेकको शिक्षक तथा कर्मचारीको योग्यता देहाय बमोजिम हुनेछ।

(क) माध्यमिक शिक्षक कक्षा ११-१२ सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण,

(ख) माध्यमिक शिक्षक कक्षा ९-१० सम्बन्धित विषयमा स्नातक उत्तीर्ण,

(ग) आधारभूत शिक्षक कक्षा ६-८ सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण,

(घ) प्राथमिक शिक्षक कक्षा १२ वा सो सरह उत्तीर्ण,

(ङ) विद्यालय सहायक कर्मचारीका लागि १२ वा सो सरह उत्तीर्ण,

(च) नेपाली नागरिक,

(च) खण्ड (क),(ख),(ग) र (घ) मा उल्लिखित शैक्षिक योग्यता सहित सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त हुनु पर्नेछ।

(२) प्रारम्भिक बाल विकास शिक्षक/सहजकर्ताका लागि कक्षा १२ वा सो सरह उत्तीर्ण र पालुङटार नगरपालिकाको स्थायी बासिन्दा महिला हुनु पर्नेछ।

(३) शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति हुँदाको उमेर १८ वर्ष पूरा भएको तर ४० वर्ष ननाघेको हुनु पर्नेछ। तर नेपाल सरकारबाट सशर्त अनुदानबाट तलब भत्ता नखाने गरी सामुदायिक विद्यालयमा निजी स्रोतमा हुने नियुक्ति र संस्थागत तथा निजी लगानीका विद्यालयमा करार नियुक्तिका लागि ४० वर्ष नाघेको उम्मेदवार सिफारिसका लागि बाधा पर्नेछैन ।

**३५. उमेर हदः** सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको उमेरहद साठी वर्षको हुनेछ। साठी वर्ष उमेर पूरा भएको शिक्षक तथा कर्मचारीले सेवाबाट स्वतः अनिवार्य अवकाश पाउनेछ।

## परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा र तालिम

**३६. शिक्षकको नियुक्तिः** (१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरुको नियुक्ति सङ्घीय कानुन बमोजिम हुनेछ।

(२) विद्यालयमा रिक्त स्वीकृत दरबन्दी, अनुदान कोटा, स्वयम् सेवक शिक्षक तथा निजी स्रोतमा करारमा नियुक्तिको सिफारिसका लागि देहाय बमोजिमको नगर स्तरीय करार शिक्षक छनौट समिति हुनेछ :

(क) नगर शिक्षा अधिकारी वा सोको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) नगर शिक्षा अधिकारीले मनोनित गरेको सूचीकृत विषय विशेषज्ञ २ जना - सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(घ) अध्यक्षले सल्लाह वा सहयोगको लागि बढीमा ३ जना आमन्त्रित गर्न सक्नेछ।

(३) नगरभित्र सञ्चालित संस्थागत तथा निजी लगानीका विद्यालयहरुले शिक्षक तथा कर्मचारीहरुको नियुक्तिको छनौट प्रक्रिया सञ्चालन गर्दा शिक्षा शाखाको प्रतिनिधिको रोहबरमा गराउनु पर्नेछ।

(४) उपदफा (२)को खण्ड ख बमोजिमको विषय विशेषज्ञको कार्य गर्नका लागि शिक्षा शाखाको विषयविज्ञ सूचीमा देहाय बमोजिमको योग्यता सहित सूचीकृत हुनु पर्नेछ।

(क) शिक्षा, शिक्षण, प्रशासन र व्यवस्थापन क्षेत्रमा कम्तीमा ३ बर्ष स्थायी सेवा गरेको र सम्बन्धित तहका लागि चाहिने न्यूनतम योग्यता भन्दा माथिल्लो योग्यता भएको हुनु पर्नेछ।

(ख) खण्ड (क) मा उल्लिखित भए बमोजिमको उम्मेदवार प्राप्त नभएमा मनोनयन गर्ने अधिकार प्राप्त व्यक्तिले स्वविवेक प्रयोग गर्न सक्नेछ ।प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ताको करारमा नियुक्तिका लागि विषय विज्ञ महिलालाई प्राथमिकता दिनु पर्नेछ।

(५) समितिको नियुक्ति प्रक्रिया तोकिए बमोजिम हुनेछ। उक्त व्यवस्था नभएसम्मका प्रचलित सङ्घीय कानुन बमोजिम कार्य गर्न बाधा पर्नेछैन ।

(६) सूचीकृत विषेशज्ञको पदावधि २ वर्षको हुनेछ। सूचीकृत मध्येबाट विषय मिल्नेगरी तोकिएको अधिकारीले काममा खटाउनेछ।

(७) समितिका पदाधिकारीको बैठक भत्ता, खाजा खाना लगायतका सुविधा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(८) रिक्त रहेको दरबन्दीमा शिक्षा शाखाको अनुमति लिइ सम्बन्धित विद्यालयले १५ दिनको खुल्ला सूचना गरी दरखास्त माग गर्नु पर्नेछ। यस अवधिमा दरखास्त दिइका उम्मेदवारहरुको मात्र परीक्षा सञ्चालन गरी परिणामका आधारमा करार शिक्षक सिफारिस गर्नु पर्नेछ। पहिलो १५ दिनको सूचनामा कुनै पनि उम्मेदवारको दरखास्त नपरेमा ७ दिनको दोस्रो सूचना गर्नु पर्नेछ।

(९) शिक्षक छनौटका लागि अन्य व्यवस्था सङ्घीय कानुन तथा मापदण्डमा तोकिए बमोजिम हुनेछ।

(१०) विद्यालय सहायक कर्मचारीको नियुक्ति समेत उपदफा (२) बमोजिमको समितिले गर्नेछ ।यसका लागि १०० पूर्णाङ्कको लिखित परीक्षा, २५ अङ्कको प्रयोगात्मक र १५ अङ्कको अन्तर्वार्ता हुनेछ।

(११) विद्यालय सहयोगी कर्मचारीको नियुक्ति विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम प्रधानाध्यपकले गर्नेछ ।यसरी गरेको नियुक्तिको समर्थनका लागि शिक्षा शाखामा ३ दिन भित्र पेस गर्नु पर्नेछ।

**३७. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विद्यालयमा शैक्षिक तथा प्रशासनिक नेतृत्व गर्न एक प्रधानाध्यापक रहनेछ।

(२) उपदफा (१) प्रधानाध्यापक नियुक्तिको छनोट तथा सिफारिसका लागि देहाय बमोजिमको समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शिक्षा समितिले तोकेको शिक्षा क्षेत्रका विज्ञ २ जना - सदस्य

(ग) शिक्षा समितिले तोकेको व्यवस्थापकीय दक्षता भएको व्यक्ति १ जना - सदस्य

(घ) नगर शिक्षा अधिकारी - सदस्य सचिव

(३) रिक्त पदमा लागि योग्यता पुगेका उम्मेदवारहरुबाट प्रतिस्पर्धाको आधारमा उपदफा २ बमोजिमको समितिको सिफारिसमा शिक्षा समितिले प्रधानाध्यापक नियुक्ति गर्नेछ।

(४) विद्यालयको शैक्षिक गुणस्तर र कार्यरत शिक्षकहरुको दरबन्दी अनुसार प्रधानाध्यपकको नियुक्ति हुनेछ।एउटा विद्यालयमा कार्यरत रहेको शिक्षक अर्को विद्यालयको प्रधानाध्यपकमा नियुक्ति हुन सक्नेछ।

(५) उपदफा (४) बमोजिम नियुक्ति हुने प्रधानाध्यपकको दरबन्दी मिलान नहुञ्जेल सम्मका लागि काजमा नियुक्ति गर्न सकिनेछ।यसरी काजमा नियुक्ति हुने शिक्षकको सट्टामा अध्यापन गर्न निज शिक्षकको पदाधिकार रहेको विद्यालयमा नगरपालिकाले सट्टा शिक्षकको व्यवस्था गर्न सक्नेछ।

(६) प्रधानाध्यापकको योग्यता देहाय बमोजिम हुनेछः

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापकको हकमा नगरपालिका भित्र कार्यरत माध्यमिक तहको स्थायी र शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तीर्ण शिक्षक।

(ख) आधारभूत विद्यालयको प्रधानाध्यापकको हकमा नगरपालिका भित्र कार्यरत आधारभूत तहको स्थायी र शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण शिक्षक।

(ग) अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि माध्यमिक र आधारभूत तहका लागि क्रमशः स्नातक र दश जोड दुई उत्तीर्ण र सम्बन्धित तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक प्रधानाध्यापकको उम्मेदवार हुन सक्नेछ।

(घ) प्रधानाध्यपकले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय विकास प्रस्ताव विद्यालय व्यवस्थापन समिति र छनौट समिति समक्ष पेस गर्नु पर्नेछ।

(ङ) प्रधानाध्यापकको अवधि ५ बर्षको हुनेछ। निज पुनः उक्त पदमा नियुक्ति हुन सक्नेछ।

(च) विद्यालयको व्यवस्थापकीय, शैक्षिक तथा प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(छ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा शिक्षा समितिले प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ तर हटाउनु अघि स्पष्टिकरणको मौकाबाट बञ्चित गरीने छैन।

(४) उपदफा (२) र (३) बमोजिम प्रधानाध्यापक नियुक्ति नहुँदा सम्म प्रधानाध्यपकको नियुक्ति सम्बन्धी व्यवस्था सङ्घीय कानुनमा तोकिए बमोजिम हुनेछ।

(५) प्रधानाध्यपक नियुक्ति र प्रोत्साहन भत्ता लगायत अन्य व्यवस्था तोकिएको कानुन बमोजिम हुनेछ।

(६) उपदफा (३) वा (४) बमोजिम अन्य प्रचलित कानुन अनुसार विद्यालयको प्रधानाध्यपकको नियुक्ति पश्चात् शिक्षा शाखामा नियुक्ति समर्थन गरी अभिलेख कायम गर्नु पर्नेछ।

**३८. शिक्षकको सरुवाः** (१) नगरपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने स्वीकृत दरबन्दी अनुसार शिक्षा समितिको स्वीकृतिमा नगर शिक्षा अधिकारीले सरुवा गर्नेछ। शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गर्नु पर्नेछ।

(२) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकको मात्र सरुवा गरिनेछ। तर दरबन्दी मिलानका क्रममा जुनसुकै दरबन्दी र दरबन्दीमा रहेका शिक्षक सरुवा गर्नका लागि बाधा पर्नेछैन ।

(३) कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने बेहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ।

(४) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम सरुवा गर्दा शिक्षा समितिबाट निर्णय हुने गरी सरुवा गर्न बाधा पर्नेछैन ।

(६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ :

(क) तोकिएको जिम्मेवारी समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा अधिकृतको सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) उपदफा (३) मा लेखिए बमोजिमको अवस्था भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा नगरपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखि रहँदा विद्यालयको शैक्षिक वातावरण खलबल भएको वा खलबल हुन सक्ने बेहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति-पत्नी दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा।

(८) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरीने छैन।

(९) सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक र महिला शिक्षकलाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ।

(१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा कार्यरतलाई पहिलो प्राथमिकता दिइनेछ।

(११) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**३९. दरबन्दी मिलानः** (१) विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान शिक्षा समितिले गर्नेछ।

**४०. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** स्थायी शिक्षकको बढुवा सम्बन्धी व्यवस्था सङ्घीय तथा प्रादेशिक कानुन बमोजिम हुनेछ। स्थानीय तहबाट नियुक्ती पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन ।

**४१. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षण गर्ने वा शैक्षिक प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

(३) विद्यालयमा कार्यरत शिक्षकलाई आफू कार्यरत विद्यालयमा बाहेक अन्य शैक्षिक संस्थामा काम गर्न अनुमति दिइने छैन।

**४२. कार्य सम्पादन करार गर्नु पर्नेः** शिक्षकको कार्यसम्पादन करार देहाय बमोजिम हुनेछः

(क) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले नगर शिक्षा अधिकारीसँग, शिक्षा अधिकारीले सबै विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नु पर्नेछ र प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग सम्पादन करार सम्झौता गर्नु पर्नेछ।

(ख) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ। करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ।

(ग) वार्षिक कार्य सम्पादन करारका सूचकहरु शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**४३. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कारः** (१) शिक्षकलाई दिइने पुरस्कार र सजाय कार्य सम्पादनमा आधारित हुनेछ । विद्यार्थीको सिकाइ उपलब्धि र नतीजा विश्लेषणका आधारमा उत्कृष्ट हुने शिक्षकलाई नगरपालिकाले प्रोत्साहन तथा पुरस्कार प्रदान गर्नेछ।

(२) कार्य सम्पादन कमजोर हुने शिक्षकलाई दफा ८८ बमोजिम कारबाही गरिनेछ।

**४४. शिक्षकको पेसागत विकास र पेशागत सहयोगः** (१) शिक्षकको पेसागत विकास र पेशागत सहयोग सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(२) शिक्षकको पेसागत विकासका लागि सेवा प्रवेश तालिम, सेवाकालिन तालिम, छोटो अबधिको कष्टमाइज्ड तालिम, कार्यमूलक अनुसन्धान, पाठ अध्ययन, सहपाठी सिकाइ, स्वनिर्देशित सिकाइ, सिकाइ सञ्जाल तथा विषयगत शिक्षक समूहलाई आधार बनाइनेछ। यस प्रकारका कार्यक्रमहरु संघ, प्रदेशका साथसाथै आफ्नो शिक्षकको पेसागत विकासको अवस्था हेरी नगरपालिकाले समेत सञ्चालन गर्न सक्नेछ।

(३) शिक्षकको पेसागत सहयोगका लागि शिक्षा शाखाको नेतृत्वमा विषयगत उत्कृष्ट नतीजा हासिल गरेका शिक्षकहरुको समूह मार्फत कक्षा सुपरीवेक्षण तथा पेसागत सहयोग, मेन्टरिङ, पाठ अध्ययन, सहपाठी सिकाइ लगायतका क्रियाकलाप व्यवस्थित गर्नु पर्नेछ। यसका साथै विषयगत शिक्षक समूहहरुको गठन र परिचालन मार्फत प्रश्न निर्माण तथा विश्लेषण, नतीजा विश्लेषण, असल अभ्यास आदानप्रदान, सिकाइ सञ्जाल परिचालन तथा पेसागत विकास र सहयोगका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

**४५. विद्यालय अनुगमन, सुपरीबेक्षण तथा शिक्षक पेसागत सहयोगः** (१) नगरपालिकाले विद्यालयहरुको अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग पद्धति विकासका लागि आवश्यक कार्यविधि बनाउन सक्नेछ। विद्यालय अनुगमनका सूचकहरुमा आधारित भइ विद्यालय वर्गीकरण गरिनेछ। विद्यालय अनुगमनका लागि देहायबमोजिमको समिति रहनेछः

(क) नगर उप प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) शिक्षा समितिले तोकेको शिक्षा सम्बन्धी विज्ञ - सदस्य

(ङ) नगर शिक्षा अधिकारी वा निजले तोकेको शिक्षा अधिकृत - सदस्य सचिव

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**४६. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार सुरक्षित कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री संरचना, वातावरण मैत्री, प्रविधिमैत्री, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड सङ्घीय कानुनमा तोकिए बमोजिम हुनेछ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ।

(४) नगरपालिकाले विद्यालयहरुको पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि अनुदान दिन सक्नेछ।

४७. **विद्यालयको सम्पत्तिः** (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ। सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति नगरपालिकाको मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयलाई उपयोग गर्ने गरी प्रदान गर्न सक्नेछ। अन्य विद्यालयको काममा प्रयोगमा आउने अवस्था नभएमा प्रचलित कानुन बमोजिम नगरपालिकाको स्वामित्वमा रहनेछ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएको विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान-दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाले अनुमति दिने छैन।

४८. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ।

(२) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहनेछ।

४९. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक कार्यान्वयन गर्नु पर्नेछ। नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रदेश सरकारले पाठ्यपुस्तकहरु प्रकाशन गरेमा सोही पाठ्यपुस्तक अध्यापन गराउनु सम्बन्धित प्रधानाध्यपकको जिम्मेवारी हुनेछ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र शिक्षा शाखामा माग गर्नु पर्नेछ।

(३) शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नु पर्नेछ।

(४) संस्थागत तथा निजी लगानीका विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनु १ महिना अगावै आगामी शैक्षिक सत्रमा पठनपाठन हुने पाठ्यपुस्तकको छनौटका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ र शिक्षा शाखाका अधिकृतस्तरको प्रतिनिधि सहितको बैठक राखी पाठ्यक्रम विकास केन्द्रबाट अनुमति प्राप्त पाठ्यपुस्तक कार्यान्वयनको निर्णय गर्नु पर्नेछ र सो निर्णय नगर शिक्षा अधिकारीबाट प्रमाणित गराइ पाठ्यपुस्तक कार्यान्वयन गर्नु पर्नेछ। पाठ्यक्रम विकास केन्द्रबाट अनुमति प्राप्त नगरेका पाठ्यपुस्तक वा पाठ्यसामग्री अध्यापन गराउन पाइने छैन, अध्यापन भएको पाइएमा सम्बन्धित विद्यालयलाई कारबाही गरिनेछ।

(५) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा ४ वा ५ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम बनाइ कार्यान्वयन गर्नु पर्नेछ । उक्त पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन तथा छपाइ गरी विद्यालयहरुमा निशुल्क उपलब्ध गराउनु पर्नेछ। स्थानीय सरकारले उपलब्ध नगराउन्जेल सम्म यस्तो पाठ्पुस्तक विद्यालयले आफै निर्माण गरी लागु गर्न सक्नेछ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, विद्यार्थी सहायता प्रणाली र अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

**५०. शैक्षिक क्यालेण्डरः** (१) नगर भित्रका विद्यालयहरुमा पठनपाठनको समय निर्धारण, परीक्षा, अतिरिक्त क्रियाकलाप लगायतका शैक्षिक कार्यक्रमहरु व्यवस्थित बनाउनका लागि शिक्षा समितिले बार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिमको शैक्षिक क्यालेण्डरको पालना गर्नु विद्यालयको कर्तव्य हुनेछ।

**५१. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः** नगरस्तरीय विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव, तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**५२. अनुमति र स्वीकृति लिनु पर्नेः** (१) संस्थागत तथा शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न दफा ८ बमोजिम अनुमति र स्वीकृतिका लिनुका साथै दफा १२ बमोजिम धरौटी राख्नु पर्नेछ।

(२) शैक्षिक गुठीको (निजी र सार्वजनिक) रुपमा सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई नगरपालिका लगायत अन्य तालुक निकायमा दर्ता गराउनु पर्नेछ। शैक्षिक गुठी सम्बन्धी व्यवस्था तोकिए अनुसार हुनेछ।

(३) संस्थागत तथा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रत्येक शैक्षिक सत्रको जेष्ठ मसान्त भित्रमा आर्थिक ऐनमा तोकिए बमोजिमको राजस्व तिरी नवीकरण गर्नु पर्नेछ।

**५३. संस्थागत विद्यालयको व्यवस्थापन समितिः** संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा शिक्षा समितिबाट अनुमोदन भएको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा १ जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट वडा समितिको सिफारिसमा शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(घ) नगर शिक्षा अधिकारीले तोकेको शाखाको १ जना प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको १ जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

**५४. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि मापदण्ड बमोजिमको भौतिक स्रोत साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) तोकिएको छात्रवृत्ति उपलब्ध गराउने,

(ङ) नेपाल सरकार र नगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने गराउने

(च) नगरपालिकाले तोके बमोजिमको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने

(छ) दफा ३५ बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,

(झ) नगरपालिकाको शुल्क निर्धारण समितिद्वारा स्वीकृत शुल्क मात्र उठाउने

(ञ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५५. छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) निजी लगानीका तथा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुले विद्यार्थी संख्याको आधारमा आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका व्यक्तिहरु, महिला, दलित विद्यार्थीहरुलाई कुल विद्यार्थी संख्याको आधारमा देहाय बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछः

(क) पाँचसय सम्म विद्यार्थी संख्या भएका विद्यालयले दश प्रतिशत।

(ख) पाँचसय देखि आठसय सम्म विद्यार्थी संख्या भएका विद्यालयले बाह्र प्रतिशत।

(ग) आठसय भन्दा बढी विद्यार्थी भएका विद्यालयले पन्ध्र प्रतिशत।

(२) छात्रवृत्ति वितरणको तथ्यगत जानकारी सम्वन्धित वडा समिति र नगर शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ। प्रत्येक वर्ष शिक्षा समितिबाट अनुमोदन गराउन पर्नेछ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई शैक्षिक सत्र सुरुहुनु भन्दा १५ दिन अघि सार्वजनिक सूचना गरी आवेदन माग गर्नु पर्नेछ। सार्वजनिक सूचना बमोजिम अध्ययनका लागि परेको आवेदनमा प्रतिष्पर्धाको माध्यमबाट छनौट गरी शिक्षा समितिलाई जानकारी दिनु पर्नेछ।

**५६. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** शिक्षा समितिले संस्थागत विद्यालयका प्रधानाध्यापक र शिक्षकको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ।

**५७. अनुगमन तथा मूल्याङ्कनः** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

**५८. संस्थागत विद्यालयलाई हुन सक्ने कारबाही सम्बन्धी व्यवस्था :** (१) निजी लगानीका संस्थागत तथा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले देहाय बमोजिम कुनै काम गरेमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई कारबाही गर्नेछ।

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन नगरेमा,

(ख) शुल्क निर्धारण समितिबाट शुल्क निर्धारण नगरी शुल्क उठाएमा वा निर्धारित भन्दा बढी शुल्क लिएमा,

(ग) निर्धारित छात्रवृत्ति तोकिए बमोजिम उपलब्ध नगराएमा,

(घ) लगातार तीन वर्ष तोकिएको न्यूनतम विद्यार्थी संख्या भन्दा कम विद्यार्थी भर्ना भएमा,

(ङ) तोकिएको कक्षामा लिइने नगरस्तरीय परीक्षामा विद्यार्थी संलग्न नगराएमा,

(च) परीक्षा सम्बन्धी गोपनियता भङग गरेमा,

(छ) परीक्षा समितिले प्रकाशन गरेको नतीजा अवज्ञा गर्ने कार्य गरेमा,

(ज) अनुमति नलिइ कुनै तह/कक्षा सञ्चालन गरेमा,

(झ) तोकिएको पूर्वाधार पूरा नगरेमा,

(ञ) तोकिएको योग्यता प्राप्त शिक्षकहरु मार्फत शिक्षण नगराएमा,

(ट) कार्यपालिका, शिक्षा समिति र परीक्षा समिति मार्फत दिएको निर्देशन पालना नगरेमा।

(२) उपदफा (१) बमोजिमको कार्य गरेमा उक्त विद्यालयलाई देहाय बमोजिम कारबाही हुनेछः

(क) स्पष्टिकरण सोध्ने, सावधान गराउने

(ख) बढीमा पच्चीस हजारसम्म जरिवाना गर्ने,

(ग) विद्यार्थी भर्ना गर्न रोक लगाउने,

(घ) तह/कक्षा घटाउने,

(ङ) अनुमति वा स्वीकृति रद्द/खारेज गर्ने।

(३) उपदफा (२) बमोजिमको विद्यार्थी भर्नामा रोक, तह/कक्षा घटाउने, विद्यालय सञ्चालनका लागि प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द/खारेज गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

५९. **नगर स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिः** (१) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

(क) प्रमुख प्रशासकिय अधिकृत - अध्यक्ष

(ख) सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट कम्तीमा २ जना महिलासहित शिक्षा समितिले तोकेको ५ जना - सदस्य

(ग) नगर शिक्षा अधिकारी - सदस्य सचिव

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) राष्ट्रिय/प्रादेशिक रुपमा हुने विद्यालय तहको सार्वजनिक परीक्षा सञ्चालनमा सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

(४) आधारभूत तहको अन्तिममा लिइने आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को परीक्षा सञ्चालन नगर कार्यपालिकाबाट स्वीकृत मापदण्द बमोजिम समितिले गर्नेछ। विद्यालय तहको शिक्षाको गुणस्तर अभिवृद्धिका लागि कक्षा ९ को अन्तिम परीक्षा र विभिन्न स्तरीकृत परीक्षाहरु समेत समितिले सञ्चालन गर्नेछ।

(५) उपदफा (३) र (४) बाहेकको कक्षाहरुको परीक्षा विद्यालय आफैले गर्नेछ।

(६) उपदफा (३) बमोजिम हुने परीक्षाको सम्पूर्ण व्यवस्थापन उपदफा (१) समितिको नेतृत्वमा हुनेछ। नगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयले समितिले निर्धारण गरेको परीक्षा कार्यक्रममा सहभागी हुनु पर्नेछ। परीक्षाको मापदण्डहरु कार्यान्वयन गरी उक्त समितिको सिफारिसमा प्रकाशित नतीजा अबज्ञा गर्न पाइने छैन। परीक्षाको नतीजा अबज्ञा गर्ने विद्यालयलाई शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले तह/कक्षा घटाउने तथा स्वीकृती/अनुमती खारेज गर्न सक्नेछ।

(७) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि परिक्षाका विभिन्न मोडालिटीको उपयोग गर्न सकिनेछ। परीक्षा सम्बन्धी कार्यका लागि विद्यालय र विद्यार्थी परिचालन गर्ने अधिकार समितिलाई रहनेछ।

(८) उपदफा (१) बमोजिम सदस्य पदमा प्रत्येक वर्ष मनोनित गरिनेछ।

(९) परीक्षा सञ्चालन तथा समन्वय समितिले आवश्यकता अनुसारका विभिन्न उपसमिति र व्यक्तिको सहयोग लिन सक्नेछ।

(१०) समितिका पदाधिकारीले प्रचलित नियमानुसार भत्ता वा पारिश्रमिक पाउने छन्।

(११) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्न सक्नेछ।

(१२) सङ्घीय तथा प्रादेशिक कानुनहरुको अधिनमा रही परीक्षा सम्बन्धी आवश्यक काम कारबाही समितिले गर्न सक्नेछ।

## परिच्छेद ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**६०. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रादेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) विद्यालयहरुमा कुनै व्यक्ति वा संस्थाले विद्यार्थी कल्याणकारी कार्यका लागि व्यक्तिगत वा सामुहिक अक्षय कोष वा छात्रवृत्ति कोष राख्न सक्नेछ।

**६१. अनुदान दिन सक्नेः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयले प्राप्त गरी रहेको प्रधानाध्यापक तथा शिक्षक/कर्मचारीको तलब भत्ता, पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामग्री (डिजीटल सहित), दिवा खाजा, सेनिटरी प्याड, सञ्चालन खर्च आदि सङ्घीय कानुनमा तोकिए बमोजिम हुनेछ।

(२) शिक्षाको गुणस्तर अभिवृद्धिका लागि सङ्घीय शसर्तबाट दिइने अनुदान अपुग भएमा नगरपालिकाले थप गर्न सक्नेछ।

(३) सामुदायिक विद्यालयको भौतिक निर्माण, शैक्षिक पूर्वाधार, मर्मत सम्भार, सञ्चालन खर्चका विद्युत महसुल, प्रोत्साहन भत्ता आदिका लागि समेत नगरपालिकाले अनुदान दिन सक्नेछ।

(४) साथै विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री, प्रविधिमैत्री, सिकाइमैत्री बनाउन अनुदान दिन सक्नेछ।

(५) सामुदायिक सिकाइ केन्द्रहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(६) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा कटौती गर्न सकिनेछ।

६२. **बजेट तयार गर्ने:** प्रधानाध्यापकले प्रत्येक वर्षको बैशाख मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ।

६३. **लेखा व्यवस्थापन:** (१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नु पर्नेछ।

(२) नियमित कारोबारको लेखा राख्न सहायक कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ।

(३) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नु पर्नेछ।

(४) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र विद्यालय सहायक कर्मचारी (लेखा) को संयुक्त दस्तखतबाट गर्नु पर्नेछ। तर आधारभूत तह मात्र सञ्चालित विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतमा विद्यालयको खाता सञ्चालन हुनेछ।

६४. **लेखा परीक्षण तथा सामाजिक परीक्षण:** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र शिक्षा शाखामा पेस गर्नु पर्नेछ।

(३) प्रत्येक बर्ष विद्यालयले भदौ २५ भित्र सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ।

(५) लेखा परीक्षणमा औंल्याइएको आर्थिक कार्यविधिहरुको त्रुटीहरुको सुधार र बेरुजु फछ्यौंटको जिम्मेवारी विद्यालय प्रधानाध्यपकको हुनेछ।

**६५. छात्रवृत्ति तथा शैक्षिक सामग्री उपलब्ध गर्न सक्नेः** (१) सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई संघ तथा प्रदेश सरकारले प्रदान गर्ने छात्रवृत्ति नगरपालिका मार्फत उपलब्ध हुनेछ।

(२) नगरपालिकाले विद्यालयमा भर्ना हुने न्यून आय भएका, असहाय, अभिभावक विहिन, जेहेन्दार तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्रीको व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्ति प्रदान गर्दा नगरपालिकाले विद्यालयको आवश्यकता तथा अवस्थिति, जनसङ्ख्या समेतलाई मध्यनजर गरी तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

**६६. शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाइने छैन।

(२) उपदफा (१) बमोजिम बाहेक संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउन शुल्क निर्धारणका लागि देहाय बमोजिमको शुल्क निर्धारण समिति रहनेछ :

| | |
|---|---|
| (क) नगर प्रमुख | - अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| (घ) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिका | - सदस्य |
| अध्यक्षहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको १ जना | - सदस्य |
| (ङ) अभिभावकसँग सम्बन्धित सङ्गठन मध्येबाट शिक्षा समितिले मनोनित गरेको १ जना | |
| (च) नगर शिक्षा अधिकारी | - सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको शुल्क निर्धारण समितिको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ।

(४) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(५) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(६) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क, शुल्क निर्धारण समितिबाट स्वीकृत गराउनु पर्नेछ ।त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइनेछ।

(७) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ। यसरी ऐन विपरीत शुल्क लिने विद्यालयलाई प्रमुख प्रशासकीय अधिकृतले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**६७. विद्यालयलाई छुट र सुविधाः** सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद १०

## बिदा तथा काज सम्बन्धी व्यवस्था

**६८. बिदाः** (१) नेपाल सरकार र प्रदेश सरकारले तोकेको सार्वजनिक बिदासँग तादात्म्यता कायम हुने गरी शिक्षा समितिले विद्यालयमा सार्वजनिक बिदा निर्धारण गर्न सक्नेछ।

(२) शिक्षा समितिबाट पारित शैक्षिक क्यालेण्डरमा उल्लेख भएबमोजिम एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढीमा पैंतालिस दिन विद्यालय बिदा दिन सकिनेछ।

(३) विद्यालय व्यवस्थापन समितिले एक शैक्षिक सत्रमा थप पाँच दिनसम्म स्थानीय बिदा दिई विद्यालय बिदा गर्न सक्नेछ। स्थानीय बिदामा विद्यालय विशेष परिवेश र शोक बिदाहरु समेतलाई गणना गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) लेखिए बमोजिम बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही हुनेछ।

**६९. शिक्षक तथा कर्मचारीले पाउने बिदाः** (१) नगरपालिका भित्र कार्यरत शिक्षक तथा कर्मचारीले पाउने बिदा प्रचलित सङ्घीय कानुनहरुमा तोकिए बमोजिम हुनेछ। स्थानीय आवश्यकताका आधारमा नगरपालिकाले थप बिदा कानुन बमोजिम निर्धारण गर्न सक्नेछ।

(२) प्रचलित सङ्घीय कानुनहरुमा तोकिए बाहेक शिक्षक तथा कर्मचारीले पाउने बिदाहरु देहाय बमोजिम व्यवस्थापन गरिनेछः

(क) भैपरी आउने बिदा वर्ष भरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रसुती बिदा प्रसुतीको अघि वा पछि गरी अन्ठानब्बे दिन,

(ङ) प्रसुती स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(छ) असाधारण बिदा एकपटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिभर बढीमा तीन वर्ष,

(ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(झ) बेतलवी बिदा बढीमा पाँच वर्ष।

(३) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ। यस्तो बिदा सञ्चित हुनेछैन।

(४) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ। शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा शिक्षा अधिकृतबाट प्रमाणित गराई राख्नु पर्नेछ। कुनै बेहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ।

(५) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा पेस्कीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ। यसरी पेसकी बिदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेसकी लिएको बिदा स्वतः मिनाहा हुनेछ।

(६) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित विरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ।

(७) कुनै पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसुती हुने भएमा त्यस्तो शिक्षक वा कर्मचारीले प्रसुतीको अघि वा पछि गरी पन्ध्र दिन प्रसुती स्याहार बिदा पाउनेछ। प्रसुती स्याहार बिदा बसेको शिक्षक वा कर्मचारीले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधिभरमा दुई पटकमात्र लिन पाइनेछ।

(८) कुनै शिक्षक वा कर्मचारीले कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा त्यस्तो शिक्षक वा कर्मचारीको बाबु, आमा, बाजे बज्यै, छोरा, छोरी वा विवाहित महिला शिक्षक वा कर्मचारीको सासु ससुराको मृत्यु भएमा वा पुरुष शिक्षकको हकमा निजको पत्नीको तथा महिलाको हकमा पतिको मृत्यु भएमा किरिया बिदा पाउनेछ। महिला शिक्षक वा कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षक वा कर्मचारीले पनि किरिया बिदा पाउनेछ।

(९) यस नियम बमोजिम किरिया बिदा लिने शिक्षक वा कर्मचारीले विद्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेस गर्नु पर्नेछ। यस्तो प्रमाणपत्र र प्रमाण पेस नगर्ने शिक्षक वा कर्मचारीले त्यस्तो अवधिको लागि पाएको रकम निजले पाउने तलब रकमबाट कट्टा गरिनेछ।

(१०) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउन सक्नेछैन।

(११) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एक तह माथिको उच्च अध्ययनका लागि तलब सहितको अध्ययन बिदा दिन सकिनेछ।

(१२) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा प्रत्येक शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ।

(१३) अध्ययन बिदा दिंदा देहायको प्रक्रिया अबलम्बन गरिनेछः

(क) अध्ययन बिदा स्वीकृतिका लागि नगरपालिकामा सार्वजनिक रुपमा सूचना गरी इच्छुक शिक्षकको निवेदन आह्वान गर्ने,

(ख) निवेदन दिने शिक्षकले आफ्नो प्रतिबद्धता पत्र, अध्ययनपछिको आफ्नो शिक्षण सिकाइको योजना र व्यवस्थापन समितिको सिफारिस पेस गर्नु

पर्नेछ। त्यसरी पेस भएका प्रस्तावका आधारमा मनोनयनका लागि नाम छनौट गरी सूचना प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम मनोनयनका लागि छनौट भएका शिक्षकको नामावली उपर उजुरी गर्ने अवसर प्रदान गरिनेछ। उजुरीकर्ताको उजुरीका आधारमा अन्तिम नामावली प्रकाशन गरी अध्ययनका लागि अन्तिम नाम छनौट गर्ने,

(घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कवुलियत गराई अध्ययन अवधिका लागि अध्ययन बिदा स्वीकृत गरिनेछ। यसरी अध्ययन बिदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शिक्षा शाखामा पेस गर्नु पर्ने,

(ङ) अध्ययन बिदा पाएका शिक्षकले आफूले कबुलियत गरे अनुसारको प्रतिवेदन शिक्षा शाखामा बुझाउनु पर्नेछ। अध्ययनमा सन्तोषजनक प्रगति नगर्ने शिक्षकको बिदा स्वीकृत भएको अवधि समाप्त नहुँदै रद्द गर्न सकिनेछ।

(च) बिदा रद्द भएमा त्यस्ता शिक्षकबाट अध्ययन अवधिभर पाएको तलब असुल गरिनेछ।

(१४) बेतलवी बिदा देहायका अवस्थामा दिइनेछः

(क) कुनै शिक्षक वा कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा नियोगमा खटिई गएको प्रमाण सहित त्यस्तो शिक्षकले बेतलवी बिदा माग गरेमा एकै पटक वा पटक पटक गरी नोकरी अवधिभर पाँच वर्षसम्म,

(ख) कुनै शिक्षक मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगका कारण लामो उपचारमा बस्नु पर्ने भए वा मुलुकभित्र वा बाहिर गई उपचार गराउनु पर्ने भनी मेडिकल बोर्डबाट सिफारिस भएमा कार्यपालिकाले एक पटकमा एक वर्ष र नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म बिदा दिन सक्नेछ।

(१५) बेतलवी बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिनेछैन।

(१६) भैपरी आउने बिदा, पर्व बिदा, बिरामी बिदा, किरिया बिदा, प्रस्तुति बिदा, प्रसूति स्याहार बिदा बस्ने शिक्षक तथा कर्मचारीले पूरा तलब पाउनेछ।

(१७) असाधारण र बेतलबी बिदामा बसेको शिक्षक वा कर्मचारीले तलब पाउनेछैन।

(१८) यस नियम बमोजिमको असाधारण बिदा, अध्ययन बिदा र वेतलवी बिदा बाहेकका अन्य बिदाहरु करार तथा राहत शिक्षकले समेत पाउनेछन्।

**७०. बिदा दिने अधिकारीः** (१) प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ। तर एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आँफैले लिन सक्नेछ। सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्ष र नगर शिक्षा अधिकारीलाई जानकारी दिनु पर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलवी बिदा र अध्ययन बिदा विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गर्नेछ।

**७१. बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः** शिक्षक वा कर्मचारीले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुनेछैन।

**७२. अस्थायी शिक्षक वा कर्मचारीको बिदाको रकम सम्बन्धमा :** अस्थायी शिक्षक वा कर्मचारीले वर्षे वा हिउँदे बिदा उपभोग गर्न नपाउँदै अवकाश पाएमा दश महिनालाई वार्षिक काम गरेको अवधि मानी दामासाहीले काम गरेको अवधिको बिदा रकम पाउनेछ।

**७३. बिदा सहुलियत मात्र हुनेः** बिदा अधिकार नभएर सहुलियत मात्र हुनेछ।

**७४. काज तथा दैनिक भ्रमण भत्ताः** (१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि नगर कार्यपालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउनेछ।

(२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ। यसरी दिइने काजको लिखित जानकारी अनिवार्य रुपमा नगर शिक्षा अधिकारीलाई दिनु पर्नेछ।

## परिच्छेद ११
## शिक्षक तथा कर्मचारीको आचारसँहिता

**७५. समयपालना र नियमितताः** शिक्षकले निर्धारित समयमा नियमित रुपले विद्यालयमा हाजिर भई अध्यापन गर्नु पर्नेछ र सम्भव भएसम्म पहिले बिदाको स्वीकृति नलिई विद्यालयमा अनुपस्थित हुनु हुँदैन।

**७६. अनुशासन र आदेश पालनाः** शिक्षकले देहाय अनुसारको अनुशासन र आदेश पालना गर्नु पर्नेछः

(क) आफ्नो कर्तव्य इमान्दारी र तत्परताका साथ पालना गर्नु पर्ने,

(ख) विद्यालयको अध्यापन सम्बन्धी काममा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले दिएको जिम्मेवारी तथा निर्देशनलाई शीघ्रताका साथ पालना गर्नु पर्ने,

(ग) सबै शिक्षक तथा अभिभावकहरु प्रति उचित आदर देखाउनु पर्ने,

(घ) विद्यार्थीहरू प्रति बालमैत्रीपूर्ण व्यवहार गर्नु पर्ने।

७७. **राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुनेः** शिक्षकले राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन, राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक क्रियाकलापमा संलग्न हुनु हुँदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

७८. **लेख प्रकाशन र प्रसारण गर्न नपाउनेः** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको पारस्परिक सम्बन्ध वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी वा जनता बीचको आपसी सम्बन्धमा प्रतिकूल असर पर्ने गरी कुनै शिक्षकले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, विद्युतीय माध्यम, रेडियो, टेलिभिजन वा सामाजिक सञ्चालको माध्यमबाट कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनको अधीनमा रही शिक्षण सम्बन्धी आफ्नो पाठ प्रसारण गर्न, शैक्षिक बहस गर्न, अनुसन्धान गर्न तथा लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्नेछैन।

७८. **दान, उपहार, चन्दा प्राप्त गर्न र सहयोग लिन नहुनेः** (१) विद्यालयको काम र विद्यार्थीको सिकाइ तथा मूल्याङ्कनमा प्रभाव पर्न सक्ने गरी कुनै शिक्षकले स्थानीय तहको पूर्व स्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा विद्यार्थी र तिनका अभिभावकसँग सापटी वा सहयोग लिन हुँदैन।

(२) शिक्षकलाई कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नगरपालिकालाई सो विषयको जानकारी दिई कार्यपालिकाबाट निर्णय भए बमोजिम गर्नु पर्नेछ।

८०. **कम्पनी स्थापना वा सञ्चालन गर्न तथा व्यापार व्यवसाय गर्न नहुनेः** शिक्षकले कुनै बैङ्क, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन।

**८१. अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुनेः** (१) शिक्षकले आफ्नो विद्यालयको काममा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै शिक्षकले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः

(क) राष्ट्रिय जनगणना, निर्वाचन, विपद् कार्यमा उद्धार वा यस्तै प्रकारका नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा संलग्न हुन,

(ख) विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी र नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको नीति विपरीत नहुने गरी शिक्षकले साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार, खुला तथा दूर शिक्षा कार्यक्रम वा खेलकुद सम्बन्धी कार्य गर्न,

(ग) स्थानीय तहको पूर्व स्वीकृति लिई विद्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) विद्यालयको काममा बाधा नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) आर्थिक लाभ वा कुनै सुविधा नलिने, विद्यालयको काममा बाधा नपर्ने र नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको अहित नहुने गरी आफ्नो गैर राजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन।

**८२. प्रदर्शन र हड्ताल गर्न प्रतिबन्धः** शिक्षकले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, पठनपाठन बन्द गर्न वा अन्य कुनै तरिकाबाट बालबालिकाको पढ्ने अधिकारमा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

**८३. यौनजन्य दुर्व्यवहार गर्न नहुनेः** शिक्षकले विद्यार्थी र अरू कसैप्रति यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

**८४. यातना दिन नहुनेः** शिक्षकले विद्यार्थीलाई कुटपिट गर्न र कसैलाई पनि शारीरिक वा मानसिक यातना दिनु हुँदैन।

**८५. सम्पत्ति विवरण पेस गर्नु पर्नेः** शिक्षकले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित नगरपालिकामा आफ्नो सम्पत्तिको विवरण पेस गर्नु पर्नेछ र नगरपालिकाले त्यस्तो विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्नेछ।

**८६. कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदन बुझाउनु पर्नेः** स्थायी शिक्षकहरुले आयोगले निर्धारण गरे बमोजिम तोकीएको अवधिभित्र नगरपालिकामा आफ्नो कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदन बुझाउनु पर्नेछ। करारमा नियक्त हुने शिक्षक तथा कर्मचारीको वार्षिक कार्यसम्पादन प्रतिवेदन नगरपालिकाले तोके बमोजिम हुनेछ।

**८७. स्थायी आवासीय अनुमति लिन नहुनेः** सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन।

## परिच्छेद १२

## शिक्षक तथा कर्मचारीको विभागीय कारबाही र सजाय

**८८. चेतावनी दिन सकिनेः** शिक्षकले देहायको कुनै काम गरेमा प्रधानाध्यापकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण रहेका फाइलमा राख्नेछः

(क) समय पालना नगरेमा,

(ख) संघ, प्रदेश र नगरपालिकाले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) परीक्षा र पठनपाठन सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा,

(ङ) विद्यार्थीलाई बालमैत्री, शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा,

(च) आफ्नो कार्य जवाफदेही पूर्वक नगरेमा।

(२) उपदफा (१) बमोजिमको कार्य प्रधानाध्यपकबाट भए विद्यालय व्यवस्थापन समितिले चेतावनी दिन सक्नेछ।

**८९. सजायः** उचित र पर्याप्त कारण भएमा शिक्षकलाई विभागीय सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछः

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) बढीमा दुइ तलब वृद्धि रोक्का गर्ने वा बढीमा दुइ वर्षसम्म बढुवा रोक्का गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

**९०. नसिहत दिने:** देहायको कुनै अवस्था भएमा शिक्षकलाई नसिहत दिन सकिनेछः

(क) निजको अध्यापन सम्बन्धी काम सन्तोषजनक नभएमा,

(ख) पूर्व स्वीकृति नलिई पटक पटक विद्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम पेश्की फछ्यौट नगरेमा,

(घ) आफू कार्यरत भन्दा अन्य शैक्षिक संस्थामा कार्य गरेको पाइएमा,

(ङ) सामाजिक परीक्षणको प्रतिवेदनबाट विद्यार्थीको सिकाइ सम्बन्धी काममा जिम्मेवार नदेखिएमा,

(च) दफा ८८ बमोजिम चेतावनी पाएको शिक्षकले पुनः सोही दफा बमोजिमको चेतावनी पाएमा।

**९१. बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा बढीमा दुइ वर्षसम्म बढुवा रोक्का गर्ने:** (१) देहायको कुनै अवस्थामा शिक्षकलाई बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने गरी सजाय गर्न सकिनेछः

(क) अध्यापन गर्ने कार्य जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) विद्यार्थीको पिर मर्का र गुनासो पटक पटक बेवास्ता गरेको सम्बन्धमा प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहले दिएको निर्देशन पालना नगरेमा,

(घ) यो ऐनमा उल्लिखित आचरण पालना नगरेमा वा उल्लङ्घन गरेमा,

(ङ) लगातार ३ वर्ष कक्षागत सिकाइ उपलब्धि नगरपालिका औषत भन्दा तल रहेमा,

(च) बढुवाको दरखास्त फाराम भर्दा झुट्टा विवरण पेस गरेको प्रमाणित भएमा,

(छ) विद्यार्थीलाई शारीरिक वा मानसिक रुपमा दुर्व्यवहार गरेमा,

(ज) बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(झ) दफा ९० बमोजिम नसिहत पाएको शिक्षकले सोही पदमा रहँदा पुनः सोही दफा बमोजिम नसिहत पाएमा।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकको तलबवृद्धि वा बढुवा रोक्का भएकोमा कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई अभिलेख राखु पर्नेछ।

**९२. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा विद्यालय शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः

(क) अध्यापन पर्ने जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) परीक्षामा प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षा सञ्चालनमा अमर्यादित काम गर्ने वा गराउने, उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने तथा नतिजा प्रकाशनमा अमर्यादित कार्य गरेमा,

(ग) राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ङ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म कार्यरत विद्यालयमा अनुपस्थित रहेमा,

(च) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएकोमा त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

(छ) असाधारण वा अध्ययन बिदा भुक्तान भएको पन्ध्र दिनभित्र विद्यालयमा हाजिर हुन नआएमा,

(ज) तोकिएको अधिकारीको स्वीकृति नलिइ विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा

वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(झ) दफा ९१ बमोजिमको सजाय पाएको शिक्षकले पुनः सोही दफा बमोजिमको कुनै काम गरेमा,

(ञ) यस ऐनमा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा।

(२) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरीनेछः

(क) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचविखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने लगायत फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरीकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

**९३. विभागीय सजाय गर्ने अधिकारी र सजाय दिने प्रक्रियाः** (१) शिक्षकलाई विभागीय सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः

(क) दफा ९० बमोजिमको नसिहत सम्बन्धी सजाय गर्दा शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समिति,

(ख) दफा ९१ बमोजिम बढीमा दुइ तलबवृद्धि रोक्का गर्ने वा दुइ वर्षसम्म बढुवा रोक्का गर्ने प्रमुख प्रशासकीय अधिकृत

(ग) दफा ९२ बमोजिम शिक्षकलाई सेवाबाट हटाउन वा बर्खास्त गर्न दफा ३६ बमोजिमको नियुक्त गर्ने अधिकारी।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम सजाय दिने अधिकारीले शिक्षकलाई सजाय दिनु अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सफाइको मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन-कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(४) उपदफा (२) वमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित शिक्षकले सो म्यादभित्र उपदफा (३) बमोजिमको आरोपको तथ्य र प्रमाणको आधारमा आफ्नो सफाइ पेस गर्नु पर्नेछ।

(५) सम्बन्धित शिक्षकले उपदफा (४) बमोजिम दिएको सफाइ सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ प्राप्त नभई त्यस्तो शिक्षकलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको सजाय प्रस्ताव गरी आयोगको परामर्श लिनु पर्नेछ।

(६) यस ऐन बमोजिम विशेष सजाय गर्नु पर्ने भएमा उपदफा (५) बमोजिम आयोगको परामर्श लिनु अघि उपदफा (२) बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सम्बन्धित शिक्षकले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको प्रस्तावित सजाय समेत खुलाई सो सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध प्रमाणको मूल्याङ्कन गरी सात दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ र सो को जानकारी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनु पर्नेछ।

९४. **गयलकट्टी गर्नु पर्नेः** (१) बिदा स्वीकृत नगराई आफ्नो विद्यालयमा अनुपस्थित हुने शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले दफा ९० र ९१ को अधीनमा रही गयल र तलबकट्टी गर्नु पर्नेछ र यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिनेछैन।

(२) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण स्थानीय तह, शिक्षा तथा मानवस्रोत विकास केन्द्र र राष्ट्रिय किताबखाना (शिक्षक) समेतमा पठाउनु पर्नेछ।

९५. **निलम्बन गर्नेः** (१) कुनै शिक्षकको सम्बन्धमा कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचवुझ समाप्त नहुन्जेलसम्म उक्त शिक्षकलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ। तर निलम्बन नगरी विद्यालयमा उपस्थित हुन दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको प्रमाण गायब गर्न सक्ने वा निलम्बन नगरी विद्यालयमा काम गर्न दिँदा विद्यालय वा विद्यार्थीलाई हानि नोक्सानी हुन सक्ने सम्भावना नभई साधारणतया निलम्बन गरिनेछैन।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरीने छैन र सो अवधिभित्रै निजउपरको कारबाही किनारा लगाउनु पर्नेछ। तर कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) कुनै फौजदारी कसूरमा न्यायिक हिरासतमा रहेको शिक्षक त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(४) कुनै शिक्षकको विरुद्ध भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव वेचबिखन, अपहरण, शरीर

बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक स्वतः निलम्बन भएको मानिनेछ।

९६. **निलम्बनको समाप्तिः** (१) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ९५ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, विद्यालय शिक्षक सेवाबाट हटाइएमा वा बर्खास्त गरीएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा निजको निलम्बन समाप्त हुनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय शिक्षकलाई सेवाबाट हटाइएकोमा वा बर्खास्त गरिएकोमा बाहेक निलम्बन समाप्त भएपछि त्यस्तो शिक्षकको पुनः बहाली हुनेछ।

९७. **पुनः बहाली हुन सक्नेः** विभागीय सजाय भई हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

९८. **नोकरी नथामिनेः** कुनै शिक्षकले दफा ८९ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा दफा ९७ बमोजिम अदालतको आदेशवाट सेवामा पुनः बहाली हुने भएमा सो निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित विद्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन।

९९. **पुनरावेदन लाग्नेः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

१००. **करारमा कार्यरत शिक्षक तथा कर्मचारीको सजायः** करारमा नियुक्ति हुने शिक्षक तथा कर्मचारीका लागि समेत समान कार्यविधि अपनाइ दफा ८८, ८९, ९० र ९२ उल्लिखित सजाय हुन सक्नेछ।

## परिच्छेद १३
## विविध

१०१. **शिक्षकको पेसागत हक हित सम्बन्धी व्यवस्थाः** (१) शिक्षा समितिले विद्यालयका शिक्षकको पेशागत हक हितका विषयमा छलफल तथा समन्वय नेपाल शिक्षक महासंघसँग सम्बन्धित स्थानीय समितिसँग गर्न सक्नेछ।

(२) विद्यालय शिक्षालाई परिणाममुखी तथा प्रभावकारी बनाउन, विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न तथा शिक्षक सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माण गर्न नगरपालिकालाई रचनात्मक सहयोग गर्नु महासंघको कर्तव्य हुनेछ।

१०२. **निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**१०३. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, बिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, बिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था शिक्षा समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुमति नलिई सञ्चालित संस्थाहरुलाई रु १० लाख जरिवाना गरी बन्द गर्ने कार्य शिक्षा समितिले गर्नेछ।

**१०४. प्रगति विवरण बुझाउनु पर्नेः** (१) संस्थागत विद्यालय, शैक्षिक परामर्शदाता, विदेशी शैक्षिक कार्यक्रम सञ्चालक वा शिक्षण कोर्स सञ्चालकले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ।

**१०५. साझेदारी गर्न सक्नेः** (१) नगरपालिकाले संघ तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम शिक्षा क्षेत्रमा गरिने कार्यक्रममा साझेदारी गर्न सक्नेछ ।

(२) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक, निजी तथा गैर सरकारी संस्थाहरुसँग तोकिए बमोजिम साझेदारी गर्न सक्नेछ।

**१०६. नगर शिक्षा विकास कोषः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षाप्रेमीलाई पुरस्कृत गर्न एक नगर शिक्षा विकास कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**१०७. विद्यालय बसः** (१) अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि यस नगरभित्र सञ्चालित सामुदायिक, निजी लगानी वा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुले विद्यार्थी परिवहन

तथा व्यवस्थापकीय कार्यको लागि विद्यालय बस सञ्चालन गर्न नगरपालिकाले अनुमति दिन सक्नेछ।

(२) विद्यालयहरु समायोजन भई विद्यार्थीको शैक्षिक पहुँच सुनिश्चितताको लागि नगरपालिकाले विद्यालय बस सञ्चालनको लागि औचित्यताका आधारमा अनुदान दिन सक्नेछ।

(३) विद्यालय वस सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०८. **शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न, व्यवस्थापन वा शिक्षण सम्बन्धी कुनै कार्य गर्न पाउने छैन। उल्लिखित कार्य गरेको पाइएमा निजलाई विभागिय कारबाही गरिनेछ।

१०९. **नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरुमा आवश्यक नियम बनाउन सक्नेछ :

(क) विद्यालयको नामकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) विद्यार्थीको सिकाइ उपलब्धी मापन तथा परीक्षा सञ्चालन,

(घ) प्रधानाध्यापक तथा शिक्षक व्यवस्थापन,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी सङ्ख्या सम्बन्धी,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

(छ) विद्यालयको लेखा तथा अभिलेख व्यवस्थापन,

(ज) आन्तरिक स्रोतबाट परिचालन गरिने शिक्षक,

(झ) शिक्षक तथा विद्यार्थी आचार संहिता,

(ञ) विद्यालय तथा समुदायमा पुस्तकालय तथा वाचनालय,

(ट) शिक्षकको पेसागत विकास र पेसागत सहयोग,

(ठ) भाषा शिक्षण, ट्युशन सेन्टर, तयारी कक्षा वा अन्य प्रकारका शिक्षा,

(ड) विद्यार्थी सहायता, परामर्श, निर्देशन र सुरक्षा,

(ढ) विद्यालय बस सञ्चालन तथा व्यवस्थापन,

(ण) संस्थागत तथा गुठी अन्तर्गत सञ्चालित विद्यालय सञ्चालन तथा व्यवस्थापन,

(त) विद्यार्थी छात्रवृत्ति तथा शैक्षिक सहायता,

(थ) प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको व्यवस्थापन तथा सेवा शर्त सुविधा,

(द) विद्यालय अनुमगन प्रणाली,

(ध) अनौपचारिक तथा जीवन पर्यन्त सिकाइ, सिप परीक्षण र प्रमाणीकरण,

(न) अतिरिक्त तथा सह कार्यकलाप,

(प) यस ऐनमा तोकिएका अन्य विषयहरु।

**११०. संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम अन्य कानुनले नतोकिए सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ।

**१११. बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा/अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ। तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ।

**११२. प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित सङ्घीय र प्रदेश कानुनसँग बाझिएमा प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

**११३. लागु नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएमा सोही बमोजिम र व्यवस्था नभएकोमा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्नेछैन।

(३) यस ऐनका दफा तथा उपदफाहरु संविधानसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

**११४. खारेजी र बचाउः** (१) यो ऐन पारित भएर स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ र पालुङटार नगरपालिका शिक्षा ऐन, २०७५ खारेज हुनेछ।

(२) पालुङटार नगरपालिका शिक्षा ऐन, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै ऐनद्वारा भए गरेको मानिनेछ।

आज्ञाले,<br>
शेर बहादुर बि.सी<br>
प्रमुख प्रशासकीय अधिकृत